# मालिका गाउँपालिकाको

## अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

# आर्थिक ऐन, २०८२

# मालिका गाउँपालिकाको

# अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२

मालिका गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मालिका गाउँ सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि मालिका गाउँ क्षेत्रमा लागू हुनेछ ।

१. **सम्पत्ति करः** गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/ घरजग्गा कर लगाइनेछ ।

२. **भूमि कर (मालपोत)ः**गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै, आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

११. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १
## (आर्थिक ऐनको दफा १ सँग सम्बन्धित)

**१.सम्पत्ति करः**

सम्पत्ती मुल्याङ्कन तथा आय श्रोत प्रमाणितमा निम्नानुसारको सेवा शुल्क लगाईनेछ ।

| सि.नं. | मुल्याङ्कन | आ.व. ०८२।०८३ को प्रस्तावित दर (रु) |
|---|---|---|
| १ | सम्पत्ती मुल्याङ्कन प्रति हजार रुपैंया | १ |
| २ | आय श्रोत प्रमाणित प्रति हजार रुपैंया | १ |

## अनुसूची २
## (आर्थिक ऐनको दफा २ सँग सम्बन्धित)

**१.भूमि कर (मालपोत):**

एक रोपनी सम्मको दरवाङ बजारमा न्युनतम रु. ५००।- गाउँ क्षेत्रमा रु. ५०।- र त्यस पछिको सवै प्रति रोपनी रु. ५।- थप लगाउने ।

## अनुसूची -३
## (आर्थिक ऐनको दफा ३ सँग सम्बन्धित)

१. **घर/जग्गा बहाल करः** भाडामा लागेको १० प्रतिशत घर बहाल कर वार्षिक रुपमा लाग्नेछ ।

## अनुसूची - ४

### (आर्थिक ऐनको दफा ४ सँग सम्बन्धित)

| सि.नं | व्यवसायको नाम तथा किसिम | आ.व ०८२/०८३ को प्रस्तावित दर रु मा |
|---|---|---|
| | **क.** **व्यापारिक वस्तु** | |
| १ | डिलर सिप | |
| | डिलर | ५००० |
| | सबडिलर | २५०० |
| २ | डिपार्टमेन्टल स्टोर्स | ३००० |
| ३ | **सवारी साधन विक्रेता** | |
| | साईकल पसल | १५०० |
| | मोटर साईकल | ३००० |
| | चार पाङ्ग्रे सवारी साधन | ५००० |
| ४ | विद्युतिय सामाग्री र पेट्रोलियम पदार्थ | ३००० |
| ५ | हार्डवयर पसल सबै प्रकारका | |
| | क) ठुला | ७५०० |
| | ख) मध्यम | ५००० |
| | ग) साना | ३००० |
| ६ | दैनिक उपभोग्य सामानको थोक विक्रेता | ३००० |
| ७ | किराना पसल (खुद्रा) | १००० |
| ८ | फलफुल तथा तरकारी पसल | १००० |
| ९ | फेन्सी पसल | |
| | फेन्सी साना | २००० |
| | फेन्सी ठुला | २५०० |
| १० | सुन पसल-उच्च,मध्यम र सानो | ५०००,४०००,३००० |
| ११ | अलनलाईन व्यापार | २००० |
| १२ | पशुपंक्षी दाना पसल | २००० |
| १३ | पेन्टर, प्लम्बिङ र मार्वल | ३००० |
| | **ख.** **निर्माण व्यवसाय (पालिका भित्र प्रधान कार्यालय भएका)** | |
| १ | क वर्ग | ७५०० |
| २ | ख वर्ग | ५५०० |
| ३ | ग वर्ग | ४००० |
| ४ | घ वर्ग | ३००० |
| | **ग.** **उत्पादन मुलक उद्योग** | |

| | | |
|---|---|---|
| १ | -मैनवत्ति उद्योग घरेलु | ४०० |
| २ | -कापि उद्योग घरेलु | २००० |
| **घ. कृषि तथा वन जन्य उद्योग** | | |
| १ | कुटानी पिसानी सहितको तेल पेल्ने मिल | १५०० |
| २ | कुटानी पिसानी मिल | १००० |
| ३ | फर्निचर उद्योग साना, ठुला (आल्मुनियम सहित) | ३०००, ५००० |
| ४ | पशु दाना उद्योग | १८०० |
| ५ | पोल्ट्री फर्म उच्च | २००० |
| ६ | पोल्ट्री फर्म सानो | १५०० |
| ७ | बंगुर, भैंसी,गाई, बाखा पालन व्यवसाय | १००० |
| **ङ. पर्यटन उद्योग** | | |
| १ | होटल ठूलो | ३००० |
| २ | होटल मध्यम | २००० |
| ३ | होटल सानो | १००० |
| ४ | रेष्टुरेण्ट एण्ड वार | २००० |
| ५ | लज भई डिष्ट्रीलरी सामान बेच्ने | ४००० |
| ६ | गजल रेष्टुरेण्ट (दोहोरी साँझ समेत) | ३५०० |
| **च. सेवा उद्योग** | | |
| १ | अफसेट प्रेस | २००० |
| २ | सार्वजनिक परिवहन सेवा (गाउँपालिका भित्र प्रधान कार्यालय भएको ) | ५००० |
| ३ | सार्वजनिक परिवहन सेवा (गाउँपालिका भित्र शाखा कार्यालय भएको) | ३००० |
| ४ | फोटोग्राफी | १००० |
| ५ | प्रयोगशाला | १२०० |
| **छ. निर्माण उद्योग** | | |
| १ | ब्लक उद्योग | २००० |
| २ | क्रसर उद्योग | ५०००० |
| ३ | अन्य उद्योग | १५०० |
| **ज. संचार सेवा** | | |
| १ | टेलिकम टावर शुल्क | १५००० |
| २ | नीजि मोबाईल सेवा केन्द्र/सब डिलर | २००० |
| ३ | साइबर सेवा | १००० |
| ४ | मोबाईल फोन विक्री मर्मत | १५०० |

| | | |
|---|---|---|
| ५ | कुरियर सेवा | १००० |
| **झ. वित्तिय सेवा** | | |
| १ | वाणिज्य बैङ्कको शाखा | १७००० |
| २ | विकास बैङ्कको शाखा | १५००० |
| ३ | फाइनान्स कम्पनीको शाखा | १३००० |
| ४ | लघु वित्त कम्पनीको मुख्य तथा शाखा | १२५०० |
| ५ | विदेशी मुद्रा सटही | २००० |
| ६ | मनि ट्रान्सफर | २५०० |
| ७ | धितो पत्र कारोबार | १५०० |
| ८ | सहकारी संस्था कारोबार ५० लाख सम्म | २५०० |
| ९ | सहकारी संस्था कारोबार ५० लाख — १ करोड सम्म | ५००० |
| १० | सहकारी संस्था कारोबार १ करोड — ५ करोड सम्म | १०००० |
| ११ | सहकारी संस्था कारोबार ५ करोड माथि | १५००० |
| १२ | विमा कम्पनीका शाखा वा सम्पर्क कार्यालयहरु | ३००० |
| १३ | बिमा अभिकर्ता/एजेन्ट | ५०० |
| **ञ. स्वास्थ्य सेवा** | | |
| १ | गैर सरकारी अस्पताल | ५००० |
| २ | सामुदायिक अस्पताल | २००० |
| ३ | नीजिस्तरका अस्पताल तथा रिसर्च प्रा.लि | ५००० |
| ४ | नर्सिङ होम, दन्त, पोलिक्लिनिक र अन्य | ५००० |
| ५ | होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | ३००० |
| ६ | औषधी पसल थोक(जनस्वास्थ्य) | ३००० |
| ७ | औषधी पसल खुद्रा (जनस्वास्थ्य) | २००० |
| ८ | औषधी पसल (आयुर्वेदिक) | १२०० |
| ९ | औषधी पसल पशु स्वास्थ्य | १५०० |
| १० | पशु पंक्षी दाना पसल | २००० |
| ११ | जडिबुटी पसल | १००० |
| १२ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | १५०० |
| १३ | पशु चिकित्सक रिसर्च | १००० |

| | | |
|---|---|---|
| १४ | परामर्श सेवा (इन्जिनियरिङ) | २००० |
| १५ | कानुन व्यवसायी | १५०० |
| १६ | लेखापरिक्षक क वर्ग | २५०० |
| १७ | लेखापरिक्षक ख वर्ग | २००० |
| १८ | लेखापरिक्षक ग वर्ग | १५०० |
| १९ | लेखापरिक्षक घ वर्ग | १००० |
| २० | सर्भेयर | १००० |
| २१ | नोटरी पब्लिक सेवा | १००० |
| २२ | अनुसन्धान कर्ता तथा परामर्शदाता भाषा अनुवादक समेत | १००० |
| २३ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १००० |
| २४ | शेयर एजेन्ट | २००० |
| | **ट. शिक्षा सेवा** | |
| १ | नीजि क्षेत्रका क्याम्पस र १०+२ | ७५०० |
| २ | नीजि क्षेत्रका मा.वि स्कुल | ४५०० |
| ३ | नीजि क्षेत्रका आ.वि स्कुल (१-३) | १५०० |
| ४ | नीजि क्षेत्रका आ.वि स्कुल(१-५ ) | ३००० |
| ५ | नीजि क्षेत्रका आ.वि स्कुल(१-८ ) | ३५०० |
| ६ | नीजि क्षेत्रका होस्टेलहरु | ४००० |
| ७ | प्राविधिक शिक्षालय | ५००० |
| ८ | ट्युसन तथा कोचिङ सेन्टर | २००० |
| ९ | भाषा प्रशिक्षण केन्द्र | ४००० |
| | **ठ. मर्मत संभार केन्द्र** | |
| १ | हेभि इक्युवमेन्ट मर्मत केन्द्र | ६००० |
| २ | बस, ट्रक, कार, ट्याक्टर, जिप, बुलेरो | ५००० |
| ३ | मोटर साइकल | ३००० |
| ४ | साइकल तथा अन्य | १००० |
| ५ | फोटोकपि कम्प्युटर विक्री तथा मर्मत | २५०० |
| ६ | अन्य इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स मर्मत | २५०० |
| | **ड. अन्य सेवा** | |

| | | |
|---|---|---|
| १ | विज्ञापन एजेन्सी | १००० |
| २ | वैदेशिक रोजगार सेवा केन्द्र | २००० |
| ३ | स्वदेशी रोजगार सेवा केन्द्र | १५०० |
| ४ | हाउजिङ कम्पनि तथा घर जग्गा खरिद विक्री(रियलस्टेट) | ५००० |
| ५ | ब्युटी पार्लर, केश श्रृगार  तथा कस्मेटिक्स | १५०० |
| ६ | पशु बधशाला | ३००० |
| | **ढ. मासु विक्रेता** | |
| १ | फ्रेसहाउस | २००० |
| | ठुला | ३००० |
| | साना | २००० |
| | **ण. सिलाई** | |
| १ | टेलर्स (कपडा सहितको) | ३००० |
| २ | सिलाई केन्द्र | १००० |
| ३ | सिलाई प्रशिक्षण केन्द्र | २००० |
| | **त. माथिको वर्गिकरणमा नपरेका अन्य विविध सेवा व्यवसाय तथा कारोबारहरु** | |
| १ | कवाडी व्यवसाय | २००० |
| २ | जुत्ता पसल | २००० |
| ३ | जुत्ता निर्माण तथा मर्मत केन्द्र | १५०० |
| ४ | भाँडा पसल उच्च | २५०० |
| ५ | भाँडा पसल मध्यम | २००० |
| ६ | भाँडा पसल साधारण | १५०० |
| ७ | मेसिनरी पार्ट पुर्जा पसल | ३००० |
| ८ | हजाम पसल | १००० |
| ९ | ड्राइभिङ इन्स्टीच्युट | २००० |
| १० | बेकरी | २५०० |
| ११ | दुग्धडेरी | २००० |
| १२ | स्यानिटरी सामानको पसल | १००० |
| १३ | प्लाष्टिक मेच कुर्चि तथा अन्य सामानको पसल | २००० |
| १४ | ग्यास सिलिण्डर थोक विक्रेता | २००० |

| | | |
|---|---|---|
| १५ | धागो पसल | १००० |
| १६ | होजियारी उद्योग उच्च | १४०० |
| १७ | होजियारी उद्योग मध्यम | १००० |
| १८ | होजियारी उद्योग साधारण | १००० |
| १९ | स्टेशनरी होलसेल | ३००० |
| २० | स्टेशनरी खुद्रा | २००० |
| २१ | मिठाई पसल (मिष्ठान्न भण्डार) | १५०० |
| २२ | साना घरेलु उद्योग | १००० |
| २३ | कृषि फलफुल तथा वन नर्सरी व्यवसाय | १५०० |
| २४ | कृषि बिउ विजन भण्डार | १००० |
| २५ | केबल लाइन प्रशारण | ३५०० |
| २६ | पुल हाउस (इस्नुकर)/ स्केटिङ | २००० |
| २७ | मादल पसल | १००० |
| २८ | सोलार पावर सप्लायर्स | २००० |
| २९ | चस्मा मर्मत तथा विक्री केन्द्र | १००० |
| ३० | पाँच वा सो भन्दा बढी डिपो रहेको प्रा.लि | ७००० |
| ३१ | अन्य विभिन्न प्रकारका प्रा.लि | ३५०० |
| ३२ | चाउमिन उद्योग | १५०० |
| ३३ | मिनिरल वाटर उद्योग | २५०० |
| ३४ | पार्टि प्यालेस | ५००० |
| ३५ | व्यवसायिक भिडियो कर प्रति भिडियो | २५० |
| **थ. पटके व्यवसाय तथा हाट बजार कर** | | |
| १ | फेन्सी कपडा, प्रति पसल (प्रति दिन/मासिक) | २००/ २००० |
| २ | ठेका भांडा प्रति पसल | २०० |
| ३ | माटोको भांडा प्रति पसल | १०० |
| ४ | प्रोभिजनल प्रति पसल | २५० |
| ५ | मादल प्रति पसल | २०० |
| ६ | औजार भाँडा प्रति पसल | २०० |
| ७ | सुन चाँदी प्रति पसल | ५०० |
| ८ | चिया नास्ता प्रति पसल | २०० |
| ९ | चुरापोते प्रति पसल | १०० |
| १० | जिरा मसला पसल | ३०० |
| ११ | जडिवुटी पसल | २०० |

| | | |
|---|---|---|
| १२ | भैंसी, रांगा प्रति गोटा प्रति पटक (घुम्ती) | ५०० |
| १३ | बंगुर प्रति गोटा प्रति पटक (घुम्ती) | १०० |
| १४ | खसी, बोका, भेडा, बाख्रा प्रति गोटा प्रति पटक (घुम्ती) | २५ |
| १५ | चल्ला प्रति गोटा प्रति पटक(घुम्ती) | १ |
| १६ | हांस कुखुरा (चल्ला बाहेक) प्रति गोटा प्रति पटक(घुम्ती) | २ |
| १७ | तरकारी/फलफुल (घुम्ती) (दैनिक/मासिक) | ५०/१००० |
| १८ | घुम्ती व्यवसाय अन्य (दैनिक/मासिक) | ३००/२००० |

**पुनश्चः** उपरोक्त अनुसारको व्यवस्था आ.व ०८२/०८३ देखि लागू हुनेछ । माथि उल्लेखित विभिन्न व्यवसायहरुको गापामा पहिलो पटक दर्ता गर्दा प्रमाण पत्र दस्तुर बापत रु.२०००/- थप लाग्नेछ ।

१) कृषि तथा पशुपंक्षी व्यवसायी बाहेक अन्य व्यवसायीले घुम्ती व्यवसाय गरेमा घुम्ती व्यवसाय कर समेत तिर्नुपर्नेछ ।

२) प्रक्रिया नपुगी व्यवसाय दर्ता गरेका व्यवसायीको व्यवसाय दर्ता खारेजी (मेडिकल, आयल निगम, फर्निचर आदी ) गर्न सकिने छ ।

## अनुसूची ५
## (आर्थिक ऐनको दफा ५ सँग सम्बन्धित)

**१. <u>विज्ञापन दस्तुर/करः</u>**

गाउँपालिकाबाट कर्मचारी पदपूर्तीका लागि गरिने आवेदन दस्तुर तपसिल बमोजिमको दस्तुर लगाइनेछ ।

| **सि.नं.** | **तह/पद** | **आ.व ०८२/०८३ को प्रस्तावित दर रु मा** |
|---|---|---|
| १ | अधिकृत स्तर वा सो सरह | १००० |
| २ | सहायक स्तर पाचौं वा सो सरह | ७०० |
| ३ | सहायक स्तर चौथो वा सो सरह | ५०० |
| ४ | सवारी चालक वा सो सरह | ४०० |
| ५ | कार्यालय सहयोगी वा सो सरह | ३०० |

गाउँपालिका क्षेत्र भित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरुमा प्रति स्क्वायर फिट रु.५०.०० विज्ञापन कर लगाइनेछ ।

| सि.नं. | विवरण | आ.व ०८२/०८३ का लागि प्रस्तावित रु मा | |
|---|---|---|---|
| | | नीजि स्थल | सार्वजनिक स्थल |
| १ | बजारको छेउछाउमा प्रति वर्ग फिट | २० | ५० |

| | | | |
|---|---|---|---|
| २ | सहायक मार्गमा प्रति वर्ग फिट | १५ | ४० |
| ३ | व्यवसायिक व्यानर प्रति हप्ता | ५० | |
| ४ | व्यवसायसक प्रचार प्रसार गाडिबाट माइकिङ प्रति दिन | १०० | |
| ५ | व्यावसायिक प्रचार प्रसार रिक्साबाट माइकिङ | ५० | |

**नोटः** माथि वर्गिकरण गरिए बमोजिम प्रचार वोर्ड राख्न स्वीकृत दिंदा वोर्ड राख्न खोजिएको स्थल सार्वजनिक भएमा वा सडक मापदण्ड भित्र पर्ने भएमा सार्वजनिक र सो जग्गा नीजि भएमा वा सडक मापदण्ड भित्र नपर्ने भएमा नीजि मानी सोहि बमोजिम कर दस्तुर लगाइने छ ।

## अनुसूची ६

### (आर्थिक ऐनको दफा ६ सँग सम्बन्धित)

**मनोरञ्जन करः**

| सि.नं. | मनोरञ्जनका साधन | आ.व ०८२/०८३ को प्रस्तावित दर रु मा |
|---|---|---|
| १. | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन स्थल, थियटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २.५ |
| २. | जादु सर्कस, चटक आदिमा प्रतिदिन | ५०० |
| ३. | स्थानीय मेला पर्व अनुमति सिफारिस दस्तुर | |
| | क) ३ दिन सम्म | २००० |
| | ख) ५ दिन सम्म | ३००० |
| | ग) ५ दिन भन्दा माथि | प्रति दिन १००० थप |

## अनुसूची ७

### (आर्थिक ऐनको दफा ७ सँग सम्बन्धित)

**बहाल विटौरी शुल्कः**

| सि.नं. | विवरण | आ.व ०८२/०८३ को प्रस्तावित दर रु |
|---|---|---|
| १. | गाउँपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड,(छप्पर) काराखाना जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको (प्रति वर्ग फिटको) | ५ |
| २. | आफ्नो क्षेत्रमा आफुले निर्माण वा संचालन गरेको हाट बजार वा सार्वजनिक स्थल ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति वर्गफिट मासिक (सिजन अनुसारको हकमा) | १० |

| | | |
|---|---|---|
| ३. | आफ्नो क्षेत्रमा आफूले निर्माण वा रेखदेख वा संचालन गरेको हाट बजार वा सार्वजनिक स्थल ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट मासिक<br>(नियमितका लागि) | १० |

## अनुसूची ८

## (आर्थिक ऐनको दफा ८ सँग सम्बन्धित)

**पार्किङ शुल्कः**

| सि.नं. | सवारी प्रकार | शुल्क रु. मा |
|---|---|---|
| १ | मोटरसाइकल प्रतिदिन | १० |
| २ | हलुका सवारी साधन प्रति दिन | २० |
| ३ | हेभि सवारी साधन प्रति दिन | ३० |

## अनुसूची ९

## (आर्थिक ऐनको दफा ९ सँग सम्बन्धित)

| सि.नं. | सिफारिसको विवरण | आ.व. २०८२।०८३ को प्रस्तावित दर रु. मा |
|---|---|---|
| १ | नेपाली नागरिकताको सिफारिस (नयाँ/प्रतिलिपी) | १५०/५०० |
| २ | नाता प्रमाणित (निवेदन दस्तुर) | ३०० |
| ३ | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | ५०० |
| ४ | मालपोत सिफारिस | ५०० |
| ५ | मालपोत सिफारिस (दरवाङ बजार र बेनी - दरवाङ सडकमा घरबाटो) | १००० |
| ६ | विद्युत् सिफारिस (थ्रिफेज) | ५०० |
| ७ | पेन्सनसँग सम्बन्धित सम्पूर्ण सिफारिस | ५०० |
| ८ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल प्रतिलिपि | १०० |
| ९ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | २००० |
| १० | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | १००० |
| ११ | पञ्जिकरण शुल्क (३५ दिन भन्दा माथि) | २०० |
| १२ | पञ्जिकरण प्रतिलिपी शुल्क | ५०० |
| १३ | योजना सिफारिस | २०० |

| | | |
|---|---|---|
| १४ | उद्योग सिफारिस | १००० |
| १५ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | |
| | (क) पुर्व आ.वि.(१ देखि ३) | १००० |
| | (ख) आ.वि.(१ देखि ५) | १५०० |
| | (ग) आ.वि.(१ देखि ८) | २००० |
| | (ग) मा.वि. | २५०० |
| | (घ) स्नातक तह | ३००० |
| १६ | वैदेशिक प्रायोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | ५०० |
| १७ | चारकिल्ला प्रमाणित | २५० |
| १८ | संस्था दर्ता सिफारिस/नविकरण | ५०० |
| १९ | भवन निर्माण प्रतिलिपी | ३००० |
| २० | नक्सा प्रमाणित | १००० |
| २१ | व्यवसाय दर्ता सिफारिस | २०० |
| २२ | मुचुल्का प्रमाणित | ५०० |
| २३ | यस विवरणमा नपरेका बाहेक सिफारिस प्रकृति | २५० |
| २४ | डोजर/स्काभेटर वार्षिक | १०००० |
| २५ | शिक्षक भर्ना अनुमतिका लागि सिफारिस - मा.वि. तह | २५०० |
| २६ | शिक्षक भर्ना अनुमतिका लागि सिफारिस - आधारभूत तह (कक्षा ६-८) | २००० |
| २७ | शिक्षक भर्ना अनुमतिका लागि सिफारिस - आधारभूत तह (कक्षा १-५) | १५०० |
| २८ | शिक्षक भर्ना अनुमतिका लागि सिफारिस - कर्मचारी तर्फ | १००० |
| २९ | गैर सरकारी संस्था दर्ता कार्य सिफारिस | ५००० |
| ३० | गैर सरकारी संस्था दर्ता कार्य नविकरण सिफारिस | २००० |
| ३१ | गैर सरकारी संस्था कार्य अनुमतिको लागि | ५००० |
| ३२ | सरसफाई शुल्क | ५०-२०० |
| ३३ | अन्य सबै किसिमको सिफारिस शुल्क | २०० |
| ३४ | नक्सा पास - भुइ तला र पहिलो तलामा प्रति वर्ग फिट | ६ |
| ३५ | नक्सा पास - दोस्रो तलामा प्रति बर्ग फिट | ८ |
| ३६ | नक्सा पास - तेस्रो र चौथो तलामा प्रति वर्ग फिट | १० |
| ३७ | नक्सा पास - बजार क्षेत्रमा निर्माण हुने पर्खालको प्रति वर्ग फिट | १२ |

| | | |
|---|---|---|
| ३८ | अभिलेखिकरण दस्तुर | १० |
| ३९ | अभिलेखिकरण दस्तुर -भुई तला/पहिलो तलामा वर्ग फिट | १२ |
| ४० | अभिलेखिकरण दस्तुर - दोश्रो तला/ पहिलो तलामा वर्ग फिट | १६ |
| ४१ | ईजाजत दस्तुर - दरबाङ्ग बजारको किनारमा बन्ने घरहरुको | ५०० |
| ४२ | ईजाजत दस्तुर - अन्य ग्रामीण सडक किनारमा बन्ने घरहरुको | ३०० |
| ४३ | ईजाजत दस्तुर - अन्य क्षेत्रमा बन्ने घरहरुको | २०० |
| ४४ | ईजाजत दस्तुर - पक्की घर निर्माण ईजाजत दिदा निश्चित एरिया १००० व.फि. सम्म | ५००० |
| ४५ | ईजाजत दस्तुर - १००० व.फि.सो भन्दा माथिको क्षेत्रफल भएको घरमा | १०००० |
| ४६ | छेरछेरे सभाहल भाडा (प्रतिदिन रु. १५००।०० थप) | ३००० |
| ४७ | वडा कार्यालय हल भाडा (प्रतिदिन रु. ५००।०० थप) | १००० |

**नोटः**

- गाउँपालिका क्षेत्र भित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्बन्धी, विपन्न निःशुल्क उपचार सम्बन्धी सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी योजना माग लगायत अन्य विपन्न वर्गका व्यक्तिको लागि सिफारिस शुल्कमा छुट दिईनेछ ।
- घटना दर्ताको हकमा घटना घटेको ३५ दिन भित्र कुनै शुल्क लाग्ने छैन । ३५ दिन भन्दा बढी भएमा रु. २००।०० लाग्नेछ ।
- मालपोत लगाएत अन्य कर दस्तुर सोहि आ.व.मा नबुझाउने करदाताहरुलाई गत बर्षको करको दरमा चैत्र मसान्त सम्म १० प्रतिशत र चैत्र मसान्त पछि २० प्रतिशत जरिवाना लाग्नेछ ।
- यस मालिका गाउँपालिकामा रहेका आमा समूह, कृषक समूह र युवा क्लबहरुले वार्षिक रुपमा नविकरण शुल्क स्वरुप रु. १,५००/-(एक हजार पाँच सय मात्र) र मालिका गाउँपालिकामा रहेका व्यक्ति, फर्म, संघ संस्था, कम्पनीहरुले गाउँपालिकासँग सम्बन्धित कार्यहरु गर्नका लागि यस गाउँपालिकामा सुचीकृत तथा वार्षिक रुपमा नविकरण/अद्यावधिक गर्न कोटेशन पेश गर्ने फर्मको हकमा सुचीकृत/ नविकरण शुल्क स्वरुप रु. १०००।(अक्षरुपी एक हजार रुपैंया मात्र) लिने ।